नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# जेरियाट्रिक केयर सेन्टर सञ्चालन निर्देशिका र मापदण्ड

२०७७

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाह पथ, काठमाडौं ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## जेरियाट्रिक केयर सेन्टर सञ्चालन निर्देशिका र मापदण्ड, २०७७

**प्रस्तावना**: नेपालको संविधानको धारा ४१, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को रणनीति ६.४.१२ र ६.२३.४, तथा जेष्ठ नागरिक ऐन, २०६३ दफा २० को मर्म बमोजिम दीर्घ रोग, प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कुनै रोगबाट लामो समय सम्म हेरचाह गर्नु पर्ने वा हेरचाह गर्ने कोही नभएका जेष्ठ नागरिक वा बुढ्यौलीका कारण आवश्यकता अनुसार स्वास्थ्य सेवा तथा स्याहार माग गर्ने कुनै पनि जेष्ठ नागरिकलाई जेरियाट्रिक केयर सेन्टरमा स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यलाई जवाफदेही एवं व्यवसायिक बनाउने कार्यलाई व्यवस्थापन र नियमन गर्न बान्छनीय भएकाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो निर्देशिका र मापदण्ड तयार गरी जारी गरिएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "जेरियाट्रिक केयर सेन्टर सञ्चालन निर्देशिका र मापदण्ड, २०७७" रहको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "जेरियाट्रिक केयर सेन्टर" भन्नाले अशक्त, दीर्घरोग, हेरचाह गर्न परिवार वा कोही नभएको, शारीरिक वा मानसिक अस्वस्थता तथा अपाङ्गताको कारणले वा प्राकृतिक प्रकोपले गर्दा आफ्नो हेरचाह गर्न नसक्ने, दैनिक कृयाकलाप (Activity of Daily Living) गर्नको लागि सहायता चाहिने जेष्ठ नागरिकहरुको लामो समय सम्म स्वास्थ्य स्याहार गर्न राखिने सरकारी, निजी, गैर सरकारी, सहकारी वा गैर नाफामूलक स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ख) "जेष्ठ नागरिक" भन्नाले जेष्ठ नागरिक ऐन, २०६३ को दफा २ को खण्ड (क) बमोजिम साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

(ग) "निर्देशिका" भन्नाले जेरियाट्रिक केयर सेन्टर सञ्चालन निर्देशिका र मापदण्ड, २०७७ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(ङ) "महाशाखा" भन्नाले नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा सम्झनु पर्छ।

(च) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ।

(छ) "स्वास्थ्य सेवा" भन्नाले स्वास्थ्य सेवा अन्तर्गत रहने चिकित्सा प्रणालीमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्रशामक (palliative), नर्सिङ सेवा वा त्यस्तै प्रकारका अन्य सेवा सम्झनु पर्छ ।

## परिच्छेद-२

## जेरियाट्रिक केयर सेन्टर सञ्चालन अनुमति प्रकृया

३. जेरियाट्रिक केयर सेन्टर सञ्चालन गर्न अनुमति लिनुपर्नेः (१) कुनै पनि सरकारी, निजी, गैर सरकारी, सहकारी वा गैर नाफामूलक सामुदायिक संस्थाले जेरियाट्रिक केयर सेन्टर सञ्चालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन अनुमति पत्र लिएर मात्र सञ्चालन गर्नु पर्दछ।

(२) यो निर्देशिका प्रारम्भ हुँदाका बखत अनुमति नलिई सञ्चालनमा रहेका जेरियाट्रिक केयर सेन्टरले यो निर्देशिका प्रारम्भ भएको मितिले तीन महिना भित्र अनुमतिको लागि विभाग/महाशाखामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुमति पत्र लिन चाहने जेरियाट्रिक केयर सेन्टरले अनुसूची-१ बमोजिमको मापदण्ड पुरा गरी अनुसूची-२ बमोजिमको ढाँचामा विभाग/महाशाखामा निवदेन दिनु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

(४) उपदफा (३) बमोजिम निवदेन परेमा अनुसूची-३ बमोजिमको विज्ञ सहितको अनुगमन समितिले अनुसूची-१ मा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरे नगरेको जाँचबुझ स्थलगत अनुगमन गरी वा गराई मापदण्ड पूरा गरेको पाइएमा विभागले अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति पत्र प्रदान गर्नेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो निर्देशिका प्रारम्भ हुँदाका बखत कुनै निकायबाट अनुमति लिई सञ्चालनमा रहेका जेरियाट्रिक केयर सेन्टरले अनुसूची-१ बमोजिमको मापदण्ड पूरा गर्न समय माग गरेमा विभागले त्यस्तो जेरियाट्रिक केयर सेन्टरलाई औचित्य हेरी बढीमा छ महिना समयावधि थप गर्न सक्नेछ। सो अवधि भित्र मापदण्ड पूरा नगर्ने जेरियाट्रिक केयर सेन्टरको अनुमति स्वतः खारेज हुनेछ। यसरी खारेज भएपछि त्यस्तो जेरियाट्रिक केयर सेन्टरको सम्पत्ति तथा दायित्व प्रचलित कानुन बमोजिम हुनेछ।

(६) अनुमति पत्र लिएको जरियाट्रिक केयर सेन्टरले सो भन्दा माथिल्लो तहको जरियाट्रिक केयर सेन्टरको मापदण्ड पुरा गरि सो बमोजिमको जरियाट्रिक केयर सेन्टरको अनुमति पत्र लिन चाहेमा सोही तहको जरियाट्रिक केयर सेन्टरको अनुमति पत्र लिनुपर्नेछ।

४. <u>अनुमति पत्रको नविकरणः</u> (१) दफा ३ बमोजिम प्राप्त भएको अनुमति पत्र प्रत्येक पाँच वर्षमा विभाग/महाशाखाबाट नविकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिको अवधि समाप्त हुनु भन्दा कम्तिमा तीन महिना अघि अनुसूची-५ बमोजिमको ढाँचामा उल्लेखित विवरण तथा कागजात संलग्न गरी विभाग/महाशाखा समक्ष निवदेन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा विभाग/महाशाखाले आवश्यक जाँचबुझ गरी वा गराइ अनुसूची-१ बमोजिमको मापदण्ड पूरा गरी जेरियाट्रिक केयर सेन्टर सञ्चालन गरेको पाइएमा अनुमति पत्रको अवधि सकिनु अघि अनुमति पत्रको नविकरण गरी दिनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

परिच्छेद ३

## जेरियाट्रिक केयर सेन्टरको अनुगमन तथा नियमन

५. **जेरियाट्रिक केयर सेन्टरको अनुगमन तथा नियमनः** (१) यस निर्देशिका बमोजिम अनुमति लिई सञ्चालनमा रहेका जेरियाट्रिक केयर सेन्टर ले मापदण्ड बमोजिम सेवा सञ्चालन गरे वा नगरेको सम्बन्धमा विभागले अनुगमन वा नियमन गर्नेछ।

(२) यस निर्देशिका र मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सिमित गर्ने छैन।

(३) नियमित वा आकस्मिक अनुगमन गर्दा अनुसूची-१ र अनुसूची-६ बमोजिमको गुणस्तर तथा मापदण्ड पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्तो जेरियाट्रिक केयर सेन्टरलाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(४) अनुगमन र नियमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमको गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने र गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने जेरियाट्रिक केयर सेन्टरलाई विभागले मापदण्ड बमोजिम गर्न आदेश दिन सक्नेछ।

६. **कारबाहीको लागि लेखि पठाउने:** (१) दफा ५ बमोजिम अनुगमन र नियमनका क्रममा कुनै स्वास्थ्य जेरियाट्रिक केयर सेन्टर ले यस निर्देशिका बमोजिम मापदण्ड पूरा नगरेको वा सेवा सञ्चालन नगरेको पाइएमा अनुगमन समितिले गुणस्तर तथा मापदण्ड कायम गर्न लगाउन कारबाहीको मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य जेरियाट्रिक केयर सेन्टरलाई कारबाही गर्नु पूर्व सम्बन्धित जेरियाट्रिक केयर सेन्टरलाई मनासिब माफिकको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

७. **स्वःमूल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने:** (१) प्रत्येक जेरियाट्रिक केयर सेन्टरले आफूले प्रदान गरेको सेवाहरुको सम्बन्धमा अनुसुची-७ बमोजिम प्रत्येक वर्ष परीक्षण (स्वःमूल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र विभाग/महाशाखा समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने जेरियाट्रिक केयर सेन्टरलाई सो प्रतिवेदन पेश गर्न विभाग/महाशाखाले निर्देशन दिन सक्नेछ।

८. <u>चित्त नबुझेमा निवेदन दिन सक्ने:</u> (१) दफा ५ को उपदफा (४) बमोजिम दिएको आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने जेरियाट्रिक केयर सेन्टरले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनका लागि मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित निकायको राय समेत लिई मन्त्रालयले छानविन गरी यथाशीघ्र निर्णय गर्नु पर्नेछ र सो सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद ४

## <u>सेवा सुविधा सम्बन्धी व्यवस्था</u>

९. <u>जेरियाट्रिक केयर सेन्टरबाट सञ्चालन हुने स्वास्थ्य सेवाहरुः</u> (१) जेरियाट्रिक केयर सेन्टरले प्रदान गर्ने स्वास्थ्य सेवाहरु देहाय बमोजिमका हुनेछन्।

(क) प्रवर्धानात्मक सेवाः योग तथा अन्य आयुर्वेदिक प्रवर्धानात्मक सेवा, शारीरिक अभ्यास, खेलकुद जन्य गतिविधी, पोषण सेवा, व्यक्तिगत सरसफाइ तथा हेरचाह, स्वास्थ्य शिक्षा तथा सचेतना कार्यक्रम

(ख) प्रतिकारात्मक सेवाः जेरियाट्रिक केयर सेन्टरका जेष्ठ नागरिक स्याहारकर्ताको लागि तालिमको व्यवस्थापन, परामर्श सेवा, जेरियाट्रिक खोप सेवा, जेष्ठ नागरिक सम्बन्धि रोगहरुको Screening, ICOPE Screening, संज्ञानात्मक व्यायाम (Cognitive Exercise)

(ग) उपचारात्मक सेवाको निरन्तरता र सप्पोर्टिभ (supportive) स्याहार सेवाः अस्पतालबाट डिस्चार्जमा उल्लेख भएका औषधीहरुको निरन्तरता, प्राथमिक उपचार, ट्युब (tube) मार्फत खाना वा औषधी खुवाउने सेवा, अक्सिजन सेवा, ट्राकियोस्टोमी

स्याहार (Tracheostomy Care), वाहय पिसाब नली स्याहार (catheter care), ओछ्याने घाउ स्याहार (pressure sore care), अल्जाइमर तथा डिमेन्सिया (Alzheimer and Dementia) सम्बन्धि सेवा, दिशा पिसाब सम्बन्धि सेवा (incontinence, continence, Ostoma Care, आदी), अस्थिर सेवा (immobility care), घाउहरुको ड्रेसिङ, ट्युब तथा लाइन्स स्याहार (tube and lines care), इम्प्लान्ट स्याहार (implant care)

(घ) पुनर्स्थापनात्मक सेवाः फिजियोथेरापी तथा अकुपेशनल थेरापी सेवा, अक्युपञ्चर सेवा, स्पीच तथा स्वालोविङ थेरापी (speech and swallowing therapy)

(ङ) प्रशामक सेवाः क्यान्सर रोगको निको हुन नसक्ने अवस्था, जटिल अवस्थामा पुगेको र निको हुन नसक्ने दीर्घ रोगहरुको स्याहार-सुसार, प्रशामक, हस्पिस स्याहार (End of life care), रेसपाइट स्याहार (Respite care)

(च) दिवा सेवाः पेन क्लिनिक (Pain clinic), जनरल बहिरंग सेवा (जेष्ठ नागरिकका लागि मात्र), ल्याब सेवा, फिजियोथेरापी सेवा, खोप सेवा

(२) यस निर्देशिकामा उल्लेखित सेवाहरु सञ्चालन गर्नु पुर्व सम्बन्धित निकायसँग पनि अनुमति लिनुपर्नेछ।

## परिच्छेद ५

## विविध

१०. **अभिलेख राख्नेः** जेरियाट्रिक केयर सेन्टरबाट सेवा लिएका सेवाग्राहीहरुको अभिलेख बनाई राख्नु पर्नेछ।

११. **प्रतिवेदन पेश गर्नुपर्नेः** सम्बन्धित जेरियाट्रिक केयर सेन्टरले आफुले प्रदान गरेको सेवाको विवरण महाशाखालाई मासिक रुपमा अनुसुची-८ बमोजिमको प्रतिवेदन तयार गरी प्रत्येक महिनाको सात गते भित्र पेश गर्नु पर्नेछ।

१२. **<u>अनुसूचीमा हेरफेर तथा थपघटः</u>** यस निर्देशिकामा उल्लेखित अनुसूचीहरूमा आवश्यकता अनुसार मन्त्रालयले हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१३. **<u>स्वतः खारेज हुनेः</u>** यस निर्देशिका र मापदण्डमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## अनुसूची-१

(दफा ३ को उपदफा (३), (४) र (५), दफा ४ को उपदफा (३) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### जेरियाट्रिक केयर सेन्टर सम्बन्धी मापदण्डहरु

**पूर्वाधारः**

- जेरियाट्रिक केयर सेन्टरको कुल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मिटरका दरले हुनु पर्नेछ। उक्त क्षेत्र भित्र सोधपुछ, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनु पर्नेछ। सो बाहेक भान्सा घर, लुगा धुने ठाउ, जेनेरेटर कक्ष, भण्डार कक्ष, मर्मत संभार कक्ष र जेष्ठ नागरिकलाई फूलबारी समेतको ब्यवस्था गरेको हुनु पर्दछ।
- प्रतिक्षालयमा बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक फर्निचर, शौचालय, खानेपानी र टेलिभिजन, सूचना–पाटी, पत्रपत्रिका लगायत ईन्टरनेटको ब्यवस्था गरेको हुनु पर्नेछ।
- सबैले देख्ने गरी नागरिक बडापत्रको व्यवस्था गरेको हुनु पर्नेछ।
- प्राकृतिक प्रकोपको अवस्थामा बारुण यन्त्र (fire engine) आवागमनमा सहज हुने गरी भवन निर्माण भएको हुनु पर्ने, पर्याप्त संख्यामा अग्नि सम्यन्त्र (fire extinguisher) जडान भएको हुनु पर्ने साथै आकस्मिक संकेतका लागि साईरन/अटोफायर अलार्म/स्मोक डिटेक्टरको व्यवस्था हुनु पर्नेछ।
- जेरियाट्रिक केयर सेन्टर भवनमा चटयाङ्ग छल्ने प्रविधिको जडान, वैकल्पिक भर्याङको व्यवस्था गरिएको हुनु पर्नेछ।
- शैया बीचको दुरी कम्तिमा ४ फिट हुनु पर्ने र साथै भित्ताबाट कम्तिमा एक फिटको दूरीमा राख्नु पर्नेछ।
- ह्विलचेयर, ट्रलि, स्टेचरको पर्याप्त मात्रामा व्यवस्था हुनु पर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सक्ने कर्मचारीको समेत पर्याप्त मात्रामा व्यवस्था भएको हुनु पर्नेछ।

**जेष्ठ नागरिकमैत्री वातावरणः**

- वातावरण सफा हुनुका साथै अप्राकृतिक आवाज, हल्ला र दुर्गन्ध नहुने व्यवस्था हुनु पर्नेछ।

सृजना

- पर्याप्त मात्रामा हरियाली भएको खाली ठाउँ, शौचालय र आराम गर्न बस्ने ठाउँको समेत व्यवस्था हुनु पर्नेछ।
- जेष्ठ नागरिक हिड्ने सडक खाल्डा खुल्डी नभएको, राम्रोसँग मर्मत गरिएको, नचिप्लिने र व्हीलचेयर चलाउन मिल्ने गरी फराकिलो हुनु पर्नेछ।
- भवनका सबै ठाउँहरुमा सजिलै संग पुग्नका लागि लिफ्ट वा रयाम्पको व्यवस्था भएको हुनु पर्नेछ। लिफ्ट, रयाम्प, प्यासेज र भर्याङमा पर्याप्त मात्रामा हातले साहरा लिने डण्डीहरुको व्यवस्था हुनु पर्नेछ।
- भवनमा सर्वसाधारणको जानकारीका लागि सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रष्ट देखिने गरी राखिएको हुनु पर्नेछ।
- भवन भित्र सबै कोठा र शौचालयहरुमा व्हिलचियर र स्ट्रेचर आवत जावत गर्न पर्याप्त ठाँउ र नचिप्लिने किसिमको भुई हुनु पर्नेछ।
- भवन भित्र पर्याप्त मात्रामा आरामदायी कुर्सिहरुको व्यवस्था हुनु पर्नेछ।
- कोठाहरुमा उपयुक्त भेन्टीलेसन र आवश्यकतानुसार वातानुकूलित (air conditioner) यन्त्र राखिएको हुनु पर्नेछ। वातानुकुलित (air conditioned) हुन नसकेको खण्डमा गर्मीको लागि पर्याप्त मात्रामा पंखा र जाडोको लागि विद्युतिय हिटरको व्यवस्था हुनु पर्नेछ। ग्याँस वा कोइलाबाट चल्ने किसिमका हिटरहरु प्रयोग गर्न निषेधित हुनेछ।
- सफा, व्यवस्थित, सबैमा पहुँचयुक्त, उचित संकेत चिन्हहरु भएको पर्याप्त कमोड सहितको शौचालयहरुको व्यवस्था आवश्यकता भएको ठाउँमा हुनु पर्नेछ।
- जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु आयोजना गर्दा उहाँहरुको लागि उपयुक्त समय, ठाउँमा गर्नुपर्दछ। साथै कार्यक्रम गर्दा सबै जातजाति, भाषा, धर्म, वर्ग, लिङ्गका जेष्ठ नागरिकहरुलाई सहभागी हुन प्रोत्साहान गर्ने किसिमको हुनु पर्दछ।

कोठा:

- महिला र पुरुषहरुको लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- जेरियाट्रिक केयर सेन्टरका सेवाग्राहीहरुले अधिकतम समय कोठा भित्र बिताउने हुनाले कोठाहरुमा वेड, फर्निचर तथा मेडिकल सरसामाग्री राम्रोसँग अटाउने पर्याप्त ठाउँ हुनु पर्नेछ।
- सो कोठाहरु सेवाग्राही एक्लै बस्ने, दुई जना बस्ने (single cabin/double bed cabin) वा धेरै जनासँगै बस्ने (general ward) हुन सक्नेछन र सो शैयाहरु बिच पर्दा हुनु पर्नेछ।
- हरेक सेवाग्राहीलाई ७ वर्ग मिटर कोठाको क्षेत्र छुटयाउन पर्नेछ।
- सेवाग्राहीको रोगको प्रकृती अनुसार सर्जिकल बेड (folding बेड, कम्तिमा टाउको उठाउन मिल्ने) वा साधारण काठको शैया पनि हुन सक्नेछ।
- हरेक शैयासँगै सेवाग्राहीको सामानहरु राख्ने दराज, मेडिकल र अधिकतम प्रयोग हुने वस्तुहरु राख्ने लकरको व्यवस्था हुनु पर्नेछ।
- हरेक शैयामा झुलको व्यवस्था हुनु पर्नेछ। हरेक कोठामा लामखुट्टे छिर्न नदिनका लागि ढोका र झ्यालमा जालीको व्यवस्था हुनु पर्नेछ।
- सय शैया भन्दा माथिका जेरियाट्रिक केयर सेन्टरमा कम्तिमा एक वटा पोर्टेबल एक्सरे मेशीन हुनु पर्नेछ।

**फोहोर व्यवस्थापन:**

- फोहोर व्यवस्थापनका लागि अस्पताल जन्य फोहर मैला व्यवस्थापन निर्देशिका र मापदण्ड, २०७७ बमोजिम आवश्यक पूर्वाधार सहितको व्यवस्था मिलाएको हुनु पर्नेछ।

**जेरियाट्रिक बहिरंग सेवा:**

बहिरंग सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ:

- जेरियाट्रिक बहिरंग सेवा सन्चालन गर्दा जेष्ठ नागरिक रोग विशेषज्ञ (Geriatrician) हुनुपर्दछ तर विशेषज्ञ नभएको हकमा MD in General Practice and Emergency Medicine (**MDGP**) हुनु पर्नेछ।
- बहिरंग सेवाको लागि छुटाइएको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मिटर हुनु पर्नेछ। शौचालय, प्रतिक्षालय, बिशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ।

**सोधपुछ तथा गुनासो कक्ष:**

- सेवाग्राहीहरूको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूछ कक्षको व्यवस्था हुनु पर्नेछ।
- जेरियाट्रिक केयर सेन्टरले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनु पर्नेछ।

**सेवा सञ्चालन:**

- नर्सिङ ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्नेछ। उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कलबेल राख्नु पर्नेछ।
- आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा सो जेरियाट्रिक केयर सेन्टर मा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ। जेरियाट्रिक केयर सेन्टरका स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई विपद व्यवस्थापनका लागि (आगजनी, भुकम्प, हुलदंगा आदि) र आपतकालीन उद्धार तथा उपचार गर्ने प्रभावकारी विधिको कार्य योजना बनाई सो सम्बन्धी अभिमुखीकरण तालिम कम्तिमा वर्षको दुई पटक र नमुना अभ्यास कम्तिमा एक पटक गराउनु पर्नेछ।
- जेरियाट्रिक केयर सेन्टरका स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई विपद व्यवस्थापनका लागि (आगजनी, भुकम्प, हुलदंगा आदि) र आपतकालीन उद्धार तथा उपचार गर्ने प्रभावकारी विधिको कार्य योजना बनाई सो सम्बन्धी अभिमुखीकरण तालिम कम्तिमा वर्षको दुई पटक र नमुना अभ्यास कम्तिमा एक पटक गराउनु पर्नेछ।

**सुचना सम्प्रेषण:**

- जेरियाट्रिक केयर सेन्टर भित्र प्रभावकारी सुचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनु पर्नेछ।

  प्रहरी, एम्बुलेन्स, दमकल र प्रेषण (refer) गर्ने सुविधा सम्पन्न अस्पताल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

**खानेपानी वितरण:**

- जेरियाट्रिक केयर सेन्टरमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्धपानीको व्यवस्था नेपाल सरकारले तोके अनुरुपको हुनु पर्नेछ।
- जेरियाट्रिक केयर सेन्टरद्वारा वितरण हुने पानीको गुणस्तर परीक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनु पर्नेछ।

**विद्युत आपूर्ति:**

- जेरियाट्रिक केयर सेन्टरको क्षेत्र भित्र र सबै कोठाहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनु पर्नेछ।
- साथै विद्युत नभएको समयमा विद्युत आपूर्ति गर्ने ब्याक अप सिष्टमको व्यवस्था गरेको हुनु पर्नेछ।

**सरसफाई तथा शौचालय व्यवस्था:**

- जेरियाट्रिक केयर सेन्टरको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्नेछ।
- सिङ्गल क्याविन तथा डबल रुमका लागि कोठा भित्रै शौचालयको व्यवस्था हुनु पर्नेछ।
- कर्मचारीका लागि (आवश्यकतानुसार) छुट्टै शौचालयको व्यवस्था हुनु पर्नेछ।
- महिला तथा पुरुषको लागि छुट्टाछुट्टै कमोड किसिमको शौचालय तथा नुहाउने घर, त्यसमा तातो र चिसो पानी आउने व्यवस्थाका, वरीपरी हातले समाउने डन्डीको व्यवस्था साथै नचिप्लिने किसिमको भुई हुनु पर्नेछ।
- सेवाग्राही तथा सेवा प्रदायकका लागि पर्याप्त शौचालय, पानी र साबुन सहितको हात धुने सिंकको साथै संधै सफा राख्ने व्यवस्था हुनु पर्नेछ।
- शौचालय वा नुहाउने कोठाको ढोकाबाट व्हिलचियर छिर्ने हुनु पर्नेछ।

**भान्सा घरको सुविधा:**

- जेरियाट्रिक केयर सेन्टरको हाता भित्र बिरामीहरुका लागि खाना पकाउने र खाना खान डाइनिंग हल सहितको सफा र सुविधायुक्त कोठा हुनु पर्नेछ।
- बिरामीलाई खुवाउने खाना डायिटिसीयनबाट सिफारिस भएको हुनु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

**लण्ड्री व्यवस्थापन:**

- जेरियाट्रिक केयर सेन्टरमा प्रयोग हुने, सामग्री तथा लुगा कपडा (बिरामीहरुको समेत) धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्नेछ।

**भण्डारण:**

- जेरियाट्रिक केयर सेन्टरका लागि आवश्यक खाद्यान्न, लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधीको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको व्यवस्था गरेको हुनु पर्नेछ।
- आपतकालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनु पर्नेछ। यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री मौज्दात भएको हुनु पर्नेछ।

**सुरक्षाको व्यवस्था:**

- जेरियाट्रिक केयर सेन्टरका लागि सुरक्षाको व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्नेछ।
- आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

**यातायातको व्यवस्था:**

- जेरियाट्रिक केयर सेन्टर सवारी साधन जान सक्ने र सडक सँग जोडीएको हुनु पर्नेछ।
- एम्बुलेन्सको २४सै घण्टाको उपलब्धताको सुनिश्चितता गर्नु पर्नेछ।

**मानव संशाधन व्यवस्थापन:**

- जेरियाट्रिक केयर सेन्टरसँग सम्बन्धित हरेक स्वास्थ्यकर्मी सम्बन्धित व्यवसायिक काउन्सिलमा दर्ता गरी अध्यावधिक भएको हुनु पर्नेछ।
- ४ देखि ६ शैयाको अनुपातमा हरेक सिफ्टमा कम्तीमा पनि एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- प्रति पच्चीस शैयाको जेरियाट्रिक केयर सेन्टरको लागि एक जना जेरियाट्रिसियन हुनु पर्नेछ। तर जेरियाट्रिसियन नपाईएको अवस्थामा MDGP हुन सक्नेछन्।
- प्रति पच्चीस शैयाको केयर होमको लागि एक जना जेरियाट्रिक नर्सिङमा स्नातकोत्तर उत्तिर्ण वा जनरल नर्सिङमा स्नातकोत्तर उत्तिर्ण गरी जेरियाट्रिक नर्सिङ विषयमा तालिम प्राप्त गरेको नर्सिङ प्रमुख हुनुपर्नेछ।
- पचास शैया देखि २०० शैया सम्मको केयर होमको लागि जेरियाट्रिक नर्सिङमा स्नातकोत्तर उत्तिर्ण नर्सिङ प्रमुख हुनु पर्नेछ, सो उपलब्ध नभएको खण्डमा मात्र जनरल नर्सिङमा स्नातकोत्तर उत्तिर्ण गरी जेरियाट्रिक नर्सिङ विषयमा तालिम प्राप्त नर्सिङ प्रमुख हुनु पर्नेछ।
- जेरियाट्रिक केयर सेन्टरमा देहाय बमोजिमका मानव संसाधन हुनु पर्ने।

| | पदनाम | २५ शैया | ५० शैया | १०० शैया | २०० शैया |
|---|---|---|---|---|---|
| १ | जेरियाट्रिसियन/MDGP | १ | १ | २ | ३ |
| २ | नर्सिङ प्रशासक (नर्सिङ प्रमुख) | - | १ | १ | १ |
| ३ | नर्सिङ प्रशासक | १ | १ | १ | २ |
| ४ | मेडिकल अधिकृत | २ | ८ | १२ | १६ |
| ५ | नर्सिङ अधीकृत | २ | २ | ४ | ८ |
| ६ | स्टाफ नर्स | १६ | ३० | ६० | १२० |
| ७ | ल्याब टेक्निसियन | १ | १ | १ | १ |
| ८ | साइकोसोसियल काउन्सिलर | * | * | १ | १ |
| ९ | फिजियोथेरापीस्ट | * | * | १ | २ |
| १० | स्पिचथेरापीस्ट | * | * | * | * |
| ११ | डाईटिसियन | * | * | * | * |
| १२ | स्टोर किपर | * | * | १ | १ |
| १३ | मेडिकल रेकर्डर | * | * | १ | १ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | केयर गिभर | १६ | ३० | ६० | १२० |
| १५ | स्विपर | * | | | |
| १६ | सुरक्षा गार्ड | * | | | |

* आवश्यकता अनुसार वा on call आधारमा

उपकरणः

➢ जेरियाट्रिक केयर सेन्टरमा देहाय बमोजिमका उपकरणहरुको व्यवस्था हुनु पर्ने।

| S.N. | Material | २५ शैया | ५० शैया | १०० शैया | २०० शैया |
|---|---|---|---|---|---|
| १ | Refrigerator (for drug and vaccine storage) | 1 | 1 | 1 | 1 |
| २ | Generator | 1 | 1 | 1 | 1 |
| ३ | Basic Laboratory | 1 | 1 | 1 | 1 |
| ४ | Room thermometer | 1 | 2 | 4 | 8 |
| ५ | Water heating jugs | 1 | 1 | 1 | 1 |
| ६ | Microwave oven | 1 | 1 | 2 | 2 |
| ७ | Solar water heater | 1 | 1 | 1 | 1 |
| ८ | Patient Trolley | 1 | 1 | 1 | 1 |
| ९ | Wheel chair | 4 | 8 | 12 | 16 |
| १० | Footstep | 2 | 4 | 8 | 12 |
| ११ | Notice board | 1 | 1 | 2 | 2 |

नोटः जेरियाट्रिक केयर सेन्टरमा रहनु भएका जेष्ठनागरिकहरुको आवश्यकतानुसार साहायक उपकरणहरु (Assistive Devices) उपलब्ध हुनुका साथै उपयोग हुनु पर्दछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- जेरियाट्रिक केयर सेन्टरमा देहाय बमोजिमका शिक्षण र प्रशासनिक उपकरणहरुको व्यवस्था हुनु पर्ने।

| S.N. | Material | २५शैया | ५०शैया | १०० शैया | २००शैया | ३०० शैया | ४०० शैया | ५०० शैया |
|---|---|---|---|---|---|---|---|---|
| १ | Overhead projector | 1 | 1 | 1 | 1 | 1 | 1 | 3 |
| २ | Laptop | 1 | 1 | 1 | 2 | 2 | 3 | 3 |
| ३ | Television | 2 | 3 | 5 | 9 | 13 | 17 | 21 |
| ४ | Desktop | 1 | 1 | 1 | 1 | 2 | 2 | 2 |
| ५ | Phone | 2 | 3 | 4 | 5 | 5 | 7 | 8 |
| ७ | Photocopy machine | 1 | 1 | 1 | 1 | 1 | 1 | 2 |
| ८ | Intercom | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ९ | Internet facility | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १० | Air conditioner | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

**अन्तरंग सेवा सम्बन्धि मापदण्ड**

- जेरियाट्रिक केयर सेन्टरमा देहाय बमोजिमका कोठा, मेडिकल युटिलिटीहरु, लन्ड्रीका लागि आवश्यक सामग्रीहरु, हाउस किपिङका सामग्रीहरु, सुरक्षा सम्बन्धि सामग्रीहरु, फोहोर व्यवस्थापनका सामग्रीहरु हुनु पर्ने।

| S.N. | सामग्री | 25 शैया | 50 शैया | 100 शैया | 200 शैया |
|---|---|---|---|---|---|
| ३ | Nurses changing/ rest room with toilet | 1 | 2 | 4 | 8 |
| ४ | Treatment/procedure room | 1 | 2 | 4 | 8 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | Clean utility | 1 | 1 | 1 | 2 |
| ६ | Kitchen/pantry | 1 | 2 | 4 | 8 |
| ७ | Doctor's duty roomwith toilet | 1 | 2 | 4 | 8 |
| ८ | Toilets(for patient) | 5 | 10 | 15 | 20 |
| ९ | Wash basin | 3 | 5 | 10 | 20 |
| १० | Bathrooms | 1 | 2 | 4 | 8 |
| ११ | Store room | 1 | 1 | 1 | 2 |
| मेडिकल युटिलिटीहरु | | | | | |
| १२ | ECG | 1 | 1 | 2 | 4 |
| १३ | Dressing set | 3 | 6 | 8 | 12 |
| १४ | Pulse oximeter | 2 | 4 | 8 | 16 |
| १५ | BP apparatus | 5 | 10 | 12 | 15 |
| १६ | Stethoscope | 2 | 4 | 6 | 8 |
| १७ | Digital thermometer | 2 | 4 | 6 | 8 |
| १८ | Electric suction machine | 1 | 2 | 3 | 4 |
| १९ | Foot operated suction apparatus | 1 | 1 | 1 | 2 |
| २० | Weighing machine | 1 | 1 | 1 | 2 |
| २१ | Measuring tape | 1 | 1 | 1 | 2 |
| २२ | शैया | 25 | 50 | 100 | 200 |
| २३ | शैया rack | 25 | 50 | 100 | 200 |
| २४ | Nebulizer | 1 | 2 | 4 | 8 |
| २५ | Digital X-ray | - | - | 1 | 1 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | IV stand | 5 | 10 | 15 | 20 |
| २७ | Infusion pump | 1 | 1 | 2 | 2 |
| २८ | NG tube | ✓ | ✓ | ✓ | ✓ |
| २९ | Catheter | ✓ | ✓ | ✓ | ✓ |
| ३० | IV tube | ✓ | ✓ | ✓ | ✓ |
| ३१ | IV canula | ✓ | ✓ | ✓ | ✓ |
| ३२ | Betadine | ✓ | ✓ | ✓ | ✓ |
| ३३ | Normal Saline | ✓ | ✓ | ✓ | ✓ |
| ३४ | Dextrose | ✓ | ✓ | ✓ | ✓ |
| ३५ | DNS | ✓ | ✓ | ✓ | ✓ |
| ३६ | Emergency drugs | ✓ | ✓ | ✓ | ✓ |
| लन्ड्रीका लागि आवश्यक सामग्रीहरु | | | | | |
| ३७ | Working table | 1 | 1 | 2 | 2 |
| ३८ | Ironing table | 1 | 1 | 2 | 2 |
| ३९ | Storage shelves | 1 | 1 | 1 | 2 |
| ४० | Trolley for transportation | 1 | 1 | 1 | 1 |
| ४१ | Washing machine | 1 | 1 | 1 | 2 |
| ४२ | Basin | 1 | 1 | 2 | 2 |
| ४३ | Boot | 1 | 1 | 1 | 1 |
| ४४ | Cap, cap, mask, gown, utility gloves | 1 | 1 | 1 | 1 |
| ४५ | Scrubs brush | 1 | 1 | 2 | 2 |
| ४६ | Washing powder | ✓ | ✓ | ✓ | ✓ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | Chlorine powder | ✓ | ✓ | ✓ | ✓ |
| ४८ | Working table | 1 | 1 | 1 | 2 |
| ४९ | Transportation trolley | 1 | 1 | 1 | 1 |
| ५० | Steel drums | 1 | 2 | 4 | 8 |
| ५१ | Storage shelves | 1 | 1 | 1 | 1 |
| ५२ | Autoclave machine | 1 | 1 | 1 | 1 |
| ५३ | Double wrapper | 5 | 10 | 12 | 15 |
| ५४ | Thermal indicator tape | ✓ | ✓ | ✓ | ✓ |
| ५५ | Scissors | 1 | 2 | 3 | 4 |
| ५६ | Gauze, cotton rolls | ✓ | ✓ | ✓ | ✓ |
| ५७ | Cap, gown, gloves, mask, apron | ✓ | ✓ | ✓ | ✓ |
| **हाउस किपिङका सामग्रीहरु** | | | | | |
| ५८ | Working table | 1 | 1 | 1 | 2 |
| ५९ | Telephone | ✓ | ✓ | ✓ | ✓ |
| ६० | Storage room | 1 | 1 | 1 | 1 |
| ६१ | Shelves | 1 | 1 | 1 | 1 |
| ६२ | Cupboards | 1 | 1 | 2 | 2 |
| ६३ | Log book | ✓ | ✓ | ✓ | ✓ |
| ६४ | Vacuum cleaner | 1 | 1 | 1 | 1 |
| ६५ | Pillow with cover | 30 | 55 | 105 | 210 |
| ६६ | Blanket | 30 | 55 | 105 | 210 |
| ६७ | शैया sheets | 30 | 55 | 105 | 210 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६८ | Mackintosh/rubber sheet | 5 | 10 | 15 | 20 |
| ६९ | Draw sheets | 5 | 10 | 15 | 20 |
| ७० | Urinals | 5 | 10 | 15 | 20 |
| ७१ | शैया pan | 5 | 10 | 15 | 20 |
| ७२ | Mosquito net | ✓ | ✓ | ✓ | ✓ |
| ७३ | PPE | ✓ | ✓ | ✓ | ✓ |
| ७४ | Brooms, brush | ✓ | ✓ | ✓ | ✓ |
| **सुरक्षा सम्बन्धि सामग्रीहरु** | | | | | |
| ७५ | Flash light | 1 | 2 | 4 | 8 |
| ७६ | Whistle | 1 | 2 | 4 | 8 |
| ७७ | Key box | ✓ | ✓ | ✓ | ✓ |
| ७८ | Emergency alarm | 1 | 2 | 4 | 8 |
| ७९ | Fire extinguisher | 1 | 2 | 4 | 8 |
| **फोहोर व्यवस्थापनका सामग्रीहरु** | | | | | |
| ८० | colored coded baskets set | 1 | 2 | 4 | 8 |

**बहिरंग सेवा**

| S.No | BASIC EQUIPMENTS | 25शैया | 50शैया | 100शैया | 200शैया |
|---|---|---|---|---|---|
| १ | Stethoscope | 1 | 1 | 2 | 4 |
| २ | Sphygmomanometer | 1 | 1 | 2 | 4 |
| ३ | Thermometer | 1 | 1 | 2 | 4 |
| ४ | Knee hammer | 1 | 1 | 2 | 4 |
| ५ | Flash light | 1 | 1 | 2 | 4 |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | Disposable wooden tongue depressor | ✓ | ✓ | ✓ | ✓ |
| ७ | Gloves | ✓ | ✓ | ✓ | ✓ |
| ८ | X-ray view box | ✓ | ✓ | ✓ | ✓ |
| ९ | Measuring tape | 1 | 1 | 2 | 4 |
| १० | Weighing machine | 1 | 1 | 2 | 4 |
| ११ | Tunning fork | 1 | 1 | 2 | 4 |
| १३ | Otoscope | 1 | 1 | 2 | 4 |
| १४ | Opthalmoscope | 1 | 1 | 2 | 4 |
| १५ | Proctoscope | 1 | 1 | 2 | 4 |
| १६ | Nasal speculum | 1 | 1 | 2 | 4 |
| १७ | ECG machine | 1 | 1 | 2 | 4 |
| १८ | Table lamp | 1 | 1 | 2 | 4 |
| १९ | Dressing trolley with drum | 1 | 1 | 1 | 1 |
| २० | Hand washing basin | 1 | 1 | 2 | 4 |
| २१ | Betadine | ✓ | ✓ | ✓ | ✓ |
| २२ | Normal saline | ✓ | ✓ | ✓ | ✓ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**अनुमति पत्र प्राप्त गर्न दिने निवेदनको ढाँचा**

मितिः

श्री....................................

स्वास्थ्य सेवा विभाग,

टेकु, काठमाडौं।

**विषयः जेरियाट्रिक केयर सेन्टरको सञ्चालन अनुमति सम्बन्धमा**

निम्नानुसारको प्रस्तावित जेरियाट्रिक केयर सेन्टरको सञ्चालन तथा पुर्वाधार स्वीकृतीको अनुमति पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फारम पेश गरेको छु/छौं।

कार्यकारी अधिकृत/संचालन समितिको तर्फबाट

....................................................

निवेदन फारमः

१. जेरियाट्रिक केयर सेन्टरको नामः

२. सेवाको किसिमः विशिष्टकृत सेवा

३. जेरियाट्रिक केयर सेन्टरको ठेगाना (पत्राचार गर्ने ठेगाना):

प्रदेशः- जिल्लाः- गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिकाः

वडा नं.:- टोलः- टेलिफोन नं.:- ई-मेलः-

४. जेरियाट्रिक केयर सेन्टर खोल्ने व्यक्तिहरू (५% भन्दा बढी शेयर होल्डर्स मात्र):

| क.सं. | नाम | स्थायी ठेगाना | फोन नं. | मोबाइल नं. | इमेल | नागरिकता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

५. जेरियाट्रिक केयर सेन्टरको वित्तीय स्रोत:

(क) निजी (ख) शेयर/कर्जा (ग) गैर-सरकारी

(घ) अन्य (खुलाउने):

वित्तीय संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सो संस्थाको नाम:

६. वित्तीय लगानी: लागत

(क)भवन तथा जग्गाको लागि:

(ख)औजार उपकरण:

(ग) जनशक्ति:

(घ) अनुमानित आम्दानी:

स्वदेशी:

विदेशी:

७. अचल सम्पत्तिको स्रोत:

८. शैया संख्या:

९. जेरियाट्रिक केयर सेन्टरले वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरूको विवरण कुन/कुन सेवा प्रदान गर्ने हो ? खुलाउने ।

| क.सं. | प्रवर्द्धनात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | पुनर्स्थापनात्मक सेवा | प्रशामक सेवा | दिवा सेवा | अन्य सेवा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

१०. जेरियाट्रिक केयर सेन्टरमा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरूको विवरण तथा स्रोतः

| क्र.सं. | उपकरणको नाम | स्पेसिफिकेसन | वित्तीय स्रोत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

११. जेरियाट्रिक केयर सेन्टरमा सेवा प्रदान गर्ने स्वास्थ्य जनशक्तिको विवरणः

| क्र.सं | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | सम्बन्धित परिषद्‌को दर्ता नं. | फूलटाइम /पार्टटाइम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. <u>निवेदन दिँदा संलग्न गर्नु पर्ने कागजातहरू</u>

(१) जेरियाट्रिक केयर सेन्टर दर्ता प्रमाणपत्र प्रतिलिपी,

(२) जेरियाट्रिक केयर सेन्टर को विधान/प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपी,

(३) जेरियाट्रिक केयर सेन्टर स्थापना गर्न लागिएको स्थानीय तह सिफारिस पत्र,

(४) संस्थापक सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

(५) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति पत्रको प्रतिलिपी,

(६) जेरियाट्रिक केयर सेन्टरको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव,

(७) जेरियाट्रिक केयर सेन्टरले लिने सेवा शुल्क विवरण,

(८) भवनको स्वीकृत नक्सा,

(९) कर चुक्ता प्रमाण पत्र (लागू हुने अवस्थामा मात्रै) ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

**अनुसूची-३**

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

<u>अनुगमन समिति</u>

अनुगमन समितिको गठन:

| | | |
|---|---|---|
| १ | निर्देशक, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा | संयोजक |
| २ | जेष्ठ नागरिक विशेषज्ञ | सदस्य |
| ३ | ईन्जिनियर, भवन संहिता शाखा | सदस्य |
| ४ | प्रतिनिधी, लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ५ | प्रतिनिधी, अनुगमन तथा मुल्यांकन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ६ | प्रतिनिधी, गुणस्तर, मापदण्ड तथा नियमन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ७ | शाखा प्रमुख, जेरियाट्रिक तथा लैंगिक हिंसा व्यवस्थापन शाखा | सदस्य |

(आवश्यकताअनुसार विषय विज्ञलाई समावेश गर्न सकिनेछ )

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची-४

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

## अनुमति पत्रको ढाँचा

.............................

.........................................................

### सञ्चालन अनुमति पत्र

अनुमति पत्र नं.

श्री ............................

........................................................

जेरियाट्रिक केयर सेन्टर सञ्चालन गर्न अनुमतिको लागि मिति ........................मा प्राप्त भएको निवेदन उपर कारबाही हुँदा त्यस ....................... जेरियाट्रिक केयर सेन्टरलाई सेवा सञ्चालन गर्न दिने गरी मिति ......................मा निर्णय भएकोले, जेरियाट्रिक केयर सेन्टर निर्देशिका र मापदण्ड २०७७ तथा देहायका शर्तहरुको अधीनमा रही म.न.पा./उ.म.न.पा./न.पा/गा.पा. ...................... वडा नं. .......मा.......शैया क्षमताको ................................ (केयर सेन्टर) सञ्चालन गर्न जेरियाट्रिक केयर सेन्टर निर्देशिका र मापदण्ड २०७७ को दफा ३ को उपदफा (५) बमोजिम यो अनुमति पत्र दिईएको छ ।

१. जेरियाट्रिक केयर सेन्टरले प्रदान गर्नु पर्ने सेवाः

२. अनुमति पत्र कायम रहने अवधिः

अनुमति पत्र दिने अधिकारीको,—

दस्तखतः............................

नामः.................................

दर्जाः................................

मितिः...............................

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

**(अनुमति पत्र को पछाडीको पृष्ठमा लेखिने)**

अनुमति पत्र प्राप्त जेरियाट्रिक केयर सेन्टरले पालना गर्नु पर्ने शर्तहरुः

(क) जेरियाट्रिक केयर सेन्टर सञ्चालन गर्दा अनुसूची ५ र ६ बमोजिमको न्यूनतम मापदण्ड पालना सम्बन्धमा स्वमूल्याङ्कन गरी गुणस्तर सुधार गर्दै जानुपर्ने ।

(ख) नेपाल सरकारबाट जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु लागू गर्नु पर्नेछ ।

(ग) मन्त्रालयले समय समयमा तोकेको अन्य शर्तहरु पालना गर्नु पर्ने।

अनुमति पत्र को नवीकरण

नवीकरण गर्ने निकाय...........................

| जेरियाट्रिक केयर सेन्टर को नाम र ठेगाना | नवीकरण मिति | बहाल रहने मिति | नवीकरण गर्ने अधिकारीको नाम र पद | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-५

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>नविकरणको लागि दिइने निवेदनको ढाँचा</u>**

श्री ..........................कार्यालय

......................................................

विषयः अनुमति पत्र नविकरण सम्बन्धमा।

त्यस कार्यालय/निकायबाट मिति........................मा प्रदान गरिएको अनुमति पत्रको अवधि मिति ...................... मा समाप्त हुने भएकोले अनुमति पत्र नविकरण गराउनको लागि जेरियाट्रिक केयर सेन्टर निर्देशिका २०७७ को दफा ४ को उपदफा (२) बमोजिम यो निवेदन पेश गरेको छु ।

संलग्न विवरण कागजातः

(१) जेरियाट्रिक केयर सेन्टरको अनुमति पत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण पत्र,

(२) दफा ७ को उपदफा (१) बमोजिमको स्वमूल्याङ्कन प्रतिवेदन नियमित रुपमा पेश गरेको प्रमाण,

(३) जेरियाट्रिक केयर सेन्टर तथा सेवा सञ्चालन सम्बन्धी मापदण्ड कायम गरेको पुष्टयाँई सहितको स्वघोषणा,

जेरियाट्रिक केयर सेन्टरको छाप

जेरियाट्रिक केयर सेन्टरको तर्फबाट निवेदन दिने व्यक्तिको,—

दस्तखतः

नाम, थरः

पदः

मितिः

## अनुसूची-६

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

<u>गुणस्तर सुनिश्चिता सम्बन्धि मापदण्डहरु</u>

(क) जेरियाट्रिक केयर सेन्टरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण रोकथाम तथा नियन्त्रण (Infection Prevention and control) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ।

(ख) जेरियाट्रिक केयर सेन्टरले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरिय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका र मापदण्ड (Standard Operating Manual/Protocol) तयार गरी लागु गर्नु पर्नेछ।

(ग) जेरियाट्रिक केयर सेन्टरले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्भव भए सम्म जेष्ठ नागरिक विशेषज्ञ/जेरियाट्रिसियन, सम्भव नभएमा मात्र जनरल फिजिसियनबाट प्रदान गर्नु पर्नेछ। साथै जेष्ठ नागरिक विषेशज्ञ नर्स वा जेष्ठ नागरिक स्याहार सम्बन्धि तालिम प्राप्त नर्सले सेवा प्रदान गर्नु पर्नेछ।

(घ) जेष्ठ नागरिक वा जेष्ठ नागरिकको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी गराउनु पर्नेछ।

(ङ) जेरियाट्रिक केयर सेन्टर परिसर, स्वास्थ्य सेवा दिने कक्षहरु तथा जेष्ठ नागरिक बसोबास गर्ने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ।

(च) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ।

(छ) जन गुनासो व्यवस्थापनमा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ। साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ज) जेरियाट्रिक केयर सेन्टरमा आउने जेष्ठ नागरिकलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ।

(झ) सेवा प्रदायक चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामग्रीको व्यवस्था गरेको हुनु पर्नेछ।

(ञ) हरेक जेरियाट्रिक केयर सेन्टरमा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ।

(ट) नेपाल सरकारबाट लक्षित कार्यक्रमहरुमा आबद्ध भई सेवा सञ्चालन गर्न चाहेमा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका र मापदण्ड अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ।

(ठ) जेरियाट्रिक केयर सेन्टरले प्रेषण गर्दा आकस्मिक तथा बिशेषग्य सेवा दिने अस्पताल सम्म पुर्याउने सवारी साधनको व्यवस्था गर्नु पर्नेछ।

(ड) जेष्ठ नागरिकलाई रिफर गर्दा रेफरल प्रकृया र जेष्ठ नागरिक सार्ने पद्धति स्पष्ट परिभाषित हुनु पर्नेछ।

(ढ) जेरियाट्रिक केयर सेन्टर सञ्चालन गरिने भवन र अन्य पूर्वधार नेपाल सरकारले तोके अनुरुप हुन पर्नेछ।

(ण) जेरियाट्रिक केयर सेन्टरले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकि सो को जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ।

(त) जेरियाट्रिक केयर सेन्टरले सुचना अधिकारी तोक्नु पर्नेछ।

(थ) सुसूचित सहमति लिनु पर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## अनुसूची-७

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**स्वमुल्याङ्कन प्रतिवेदन**

१. जेरियाट्रिक केयर सेन्टरको नामः

२. सेवाको किसिमः विशिष्टकृत सेवा

३. जेरियाट्रिक केयर सेन्टरको ठेगाना (पत्राचार गर्ने ठेगाना):

४. टेलिफोन नं.:- ई-मेलः-

५. शैया संख्या:

६. जेरियाट्रिक केयर सेन्टरले वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरूको विवरणः

| क्र.सं. | प्रबर्द्धनात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | पुनर्स्थापनात्मक सेवा | प्रशामक सेवा | दिवा सेवा | अन्य सेवा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. मानव संशाधनको विवरण

| | पदनाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जेरियाट्रिसियन/MDGP | | |
| २ | नर्सिङ प्रशासक (नर्सिङ प्रमुख) | | |
| ३ | नर्सिङ प्रशासक | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | |
|---|---|---|---|
| ४ | मेडिकल अधिकृत | | |
| ५ | नर्सिङ अधीकृत | | |
| ६ | स्टाफ नर्स | | |
| ७ | ल्याब टेक्निसियन | | |
| ८ | साइकोसोसियल काउन्सिलर | | |
| ९ | फिजियोथेरापीस्ट | | |
| १० | स्पिचथेरापीस्ट | | |
| ११ | डाईटिसियन | | |
| १२ | स्टोर किपर | | |
| १३ | मेडिकल रेकर्डर | | |
| १४ | केयर गिभर | | |
| १५ | स्विपर | | |
| १६ | सुरक्षा गार्ड | | |

८. उपकरणको विवरण

| S.N. | Material | संख्या | कैफियत |
|---|---|---|---|
| १ | Refrigerator (for drug and vaccine storage) | | |
| २ | Generator | | |
| ३ | Basic Laboratory | | |
| ४ | Room thermometer | | |
| ५ | Water heating jugs | | |
| ६ | Microwave oven | | |
| ७ | Solar water heater | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | |
|---|---|---|---|
| ८ | Patient Trolley | | |
| ९ | Wheel chair | | |
| १० | Footstep | | |
| ११ | Notice board | | |

## ८. शिक्षण र प्रशासनिक उपकरणको विवरण

| S.N. | Material | संख्या | कैफियत |
|---|---|---|---|
| १ | Overhead projector | | |
| २ | Laptop | | |
| ३ | Television | | |
| ४ | Desktop | | |
| ५ | Phone | | |
| ७ | Photocopy machine | | |
| ८ | Intercom | | |
| ९ | Internet facility | | |
| १० | Air conditioner | | |

## ९. अन्तरंग सेवा सम्बन्धि पुर्वाधार तथा उपकरणको विवरण

| S.N. | सामग्री | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| ३ | Nurses changing/ rest room with toilet | | | |
| ४ | Treatment/procedure room | | | |
| ५ | Clean utility | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ६ | Kitchen/pantry | | | |
| ७ | Doctor's duty roomwith toilet | | | |
| ८ | Toilets(for patient) | | | |
| ९ | Wash basin | | | |
| १० | Bathrooms | | | |
| ११ | Store room | | | |
| **मेडिकल युटिलिटीहरु** | | | | |
| १२ | ECG | | | |
| १३ | Dressing set | | | |
| १४ | Pulse oximeter | | | |
| १५ | BP apparatus | | | |
| १६ | Stethoscope | | | |
| १७ | Digital thermometer | | | |
| १८ | Electric suction machine | | | |
| १९ | Foot operated suction apparatus | | | |
| २० | Weighing machine | | | |
| २१ | Measuring tape | | | |
| २२ | शैया | | | |
| २३ | शैया rack | | | |
| २४ | Nebulizer | | | |
| २५ | Digital X-ray | | | |
| २६ | IV stand | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| २७ | Infusion pump | | | |
| २८ | NG tube | | | |
| २९ | Catheter | | | |
| ३० | IV tube | | | |
| ३१ | IV canula | | | |
| ३२ | Betadine | | | |
| ३३ | Normal Saline | | | |
| ३४ | Dextrose | | | |
| ३५ | DNS | | | |
| ३६ | Emergency drugs | | | |
| लन्ड्रीका लागि आवश्यक सामग्रीहरु | | | | |
| ३७ | Working table | | | |
| ३८ | Ironing table | | | |
| ३९ | Storage shelves | | | |
| ४० | Trolley for transportation | | | |
| ४१ | Washing machine | | | |
| ४२ | Basin | | | |
| ४३ | Boot | | | |
| ४४ | Cap, cap, mask, gown, utility gloves | | | |
| ४५ | Scrubs brush | | | |
| ४६ | Washing powder | | | |
| ४७ | Chlorine powder | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ४८ | Working table | | | |
| ४९ | Transportation trolley | | | |
| ५० | Steel drums | | | |
| ५१ | Storage shelves | | | |
| ५२ | Autoclave machine | | | |
| ५३ | Double wrapper | | | |
| ५४ | Thermal indicator tape | | | |
| ५५ | Scissors | | | |
| ५६ | Gauze, cotton rolls | | | |
| ५७ | Cap, gown, gloves, mask, apron | | | |
| हाउस किपिङका सामग्रीहरु | | | | |
| ५८ | Working table | | | |
| ५९ | Telephone | | | |
| ६० | Storage room | | | |
| ६१ | Shelves | | | |
| ६२ | Cupboards | | | |
| ६३ | Log book | | | |
| ६४ | Vacuum cleaner | | | |
| ६५ | Pillow with cover | | | |
| ६६ | Blanket | | | |
| ६७ | शैया sheets | | | |
| ६८ | Mackintosh/rubber sheet | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ६९ | Draw sheets | | | |
| ७० | Urinals | | | |
| ७१ | शैया pan | | | |
| ७२ | Mosquito net | | | |
| ७३ | PPE | | | |
| ७४ | Brooms, brush | | | |
| सुरक्षा सम्बन्धि सामग्रीहरु | | | | |
| ७५ | Flash light | | | |
| ७६ | Whistle | | | |
| ७७ | Key box | | | |
| ७८ | Emergency alarm | | | |
| ७९ | Fire extinguisher | | | |
| फोहोर व्यवस्थापनका सामग्रीहरु | | | | |
| ८० | colored coded baskets set | | | |

## १०. बहिरंग सेवा सम्बन्धि पुर्वाधार तथा उपकरणको विवरण

| S.No | BASIC EQUIPMENTS | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | Stethoscope | | | |
| २ | Sphygmomanometer | | | |
| ३ | Thermometer | | | |
| ४ | Knee hammer | | | |
| ५ | Flash light | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ६ | Disposable wooden tongue depressor | | | |
| ७ | Gloves | | | |
| ८ | X-ray view box | | | |
| ९ | Measuring tape | | | |
| १० | Weighing machine | | | |
| ११ | Tunning fork | | | |
| १३ | Otoscope | | | |
| १४ | Opthalmoscope | | | |
| १५ | Proctoscope | | | |
| १६ | Nasal speculum | | | |
| १७ | ECG machine | | | |
| १८ | Table lamp | | | |
| १९ | Dressing trolley with drum | | | |
| २० | Hand washing basin | | | |
| २१ | Betadine | | | |
| २२ | Normal saline | | | |

अनुसूची-[illegible]

(दफा ११ सँग सम्बन्धित)

## प्रतिवेदन फारम

जेरियाट्रिक केयर सेन्टर

मासिक प्रगति प्रतिवेदन फारम

(दफा १२ सँग सम्बन्धित)

संस्थाः                    ठेगाना                    आ.व            महिना

| | उमेर समूह | | | | लिङ्ग | | | जातजाति | | | | | | अपाङ्गता | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मासिक | ६०-६९ वर्ष | ७०-७९ वर्ष | ८०-८४ वर्ष | ८५ वर्ष भन्दा माथि | महिला | पुरुष | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक | दलित | जनजाति | मधेशी | मुस्लिम | ब्राहमण/क्षेत्री | अन्य | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनुवाई सम्बन्धी अपाङ्गता | स्वर र बोलाई सम्बन्धी अपाङ्गता | मानसिक तथा बौद्धिक अपाङ्गता | बहु अपाङ्गता |
| यस आ.वको गत महिना सम्मको जम्मा प्रगति | | | | | | | | | | | | | | | | | | | |
| यस महिनाको प्रगति | | | | | | | | | | | | | | | | | | | |
| हाल सम्मको प्रगति | | | | | | | | | | | | | | | | | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | मुख्य समस्याहरु | | | | | | | | | मृत्यू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मासिक | उक्त रक्तचाप | मधुमेह | दम तथा COPD | क्यान्सार | मृगौला सम्बन्धी रोग | मुटु सम्बन्धी रोग | मानसिक समस्या | दुई वा दुईभन्दा बढी रोग भएको | trauma and injury | महिला | पुरूष |
| यस आ.वको गत महिना सम्मको जम्मा प्रगति | | | | | | | | | | | |
| यस महिनाको प्रगति | | | | | | | | | | | |
| हाल सम्मको प्रगति | | | | | | | | | | | |

नोटः माथि उल्लेखित जेरियाट्रिक केयर सेन्टरको मापदण्ड पूरा गरि स्विकृत अस्पताल भित्र छुट्टै ईकाईको रुपमा वा छुट्टै जेरियाट्रिक केयर सेन्टरको रुपमा सञ्चालन गर्न सकिनेछ ।

सृजना।